नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री हिरालाल रेग्मीज्युले गरेको फैसला

मुद्दा-:सार्वजनिक शान्ति विरुद्धको अपराध ।

मि.नं.-२५७ , दायर मिति-:२०७६-१०-१३

फैसला मिति-२०८०-०५-२८

वादी

अंजनी कुमार कलवारको जाहेरीले नेपाल सरकार--------------------------------------१

प्रतिवादी

जिल्ला पर्सा बी.म.न.पा.वडा नं.१२ बस्ने बर्ष २४ को अनुराग सहनी--------------------------------१

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

**१.प्रतिवादीले बिभिन्न अपशब्द बोल्दै गाली गलौज तथा मान मर्यादामा असर पुर्‍याई र हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने अंजनी कुमार कलवारको जाहेरी दरखास्त।**

**२. बिभिन्न अपशब्द बोल्दै गाली गलौज तथा मान मर्यादामा असर पुर्‍याई र हातपात समेत गरी अभद्र व्यवहार गरेकोले कडा कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका मुन्ना कलवार गुप्ता समेतको घटनाविवरण कागज।**

**३.वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।**

**४.जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।**

**ठहर-खण्ड**

**यसमा मिति २०७६/०७/१४ गते बिहान ८/९ बजेको समयमा विपक्षी अनुराग सहनीले पुरानो रिसिविका कारण जाहेरवाला जिल्ला पर्सा बी.म.नं.वडा नं.१० बस्ने अंजनि कुमार कलवार र निजको छोरा अमन कुमार गुप्तालाई निजको घर अगाडी सार्वजनिक सडकमा बिभिन्न अपशब्द बोली गाली गलौज गरी मान मर्यादामा असर पुर्‍याई हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने घटनास्थल मुचुल्का, तथा अंजनी कुमार कलवारको जाहेरी दरखास्त, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी फरार प्रतिवादी अनुराग सहनीलाई जरिवाना रु १०,०००।- गर्ने । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।**

तपसिल खण्ड

**१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम फरार प्रतिवादी अनुराग सहनी लाई ठहरेको जरिवानाको हकमा रु १०,०००।- असुलउपर गर्न जिल्ला प्रहरी कार्यालय,पर्सालाई पत्र लेख्नु ।--------------------------------------१**

**२.प्रस्तुत फैसलामा चित नबुझे३५ दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु--------------------------------------------------------------------------------------------१**

**३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु----------------------------------------१**

**४.प्रस्तुत मुद्दाको दायरी लगतकट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु-१**

हिरालाल रेग्मी

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत २०८० साल भाद्र महिना २८ गते रोज ५ शुभम् ......................